जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ८४ पृष्ठः ४ | २०८३ साउन ०५ मंगलबार (Tuesday 21 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# ई–रिक्सा चालकको लाइसेन्स प्रक्रिया सहज बनाउन पहल




**लक्ष्मी चौधरी**

जनकपुरधाम, ४ साउन। मधेश प्रदेश सरकारले ई–रिक्सा चालकलाई चालक अनुमतिपत्र ( लाइसेन्स) लिने कामलाई सहज बनाउने उद्देश्यले नयाँ व्यवस्था लागू गर्ने तयारी गरेको छ। सो जानकारी कायापलट, विकल्प अल्टरनेटिभ तथा ई–रिक्सा चालक मजदुर संगठनको संयुक्त आयोजनामा सोमबार जनकपुरधाममा सम्पन्न ‘ई–रिक्सा लाइसेन्स प्रभावकारी बनाउन सरोकारवालाबिच छलफल’ कार्यक्रममा दिइएको हो। जसअन्तर्गत निरक्षर तथा कम शिक्षित चालकलाई लक्षित गरी लिखित परीक्षाको सट्टा मौखिक तथा श्रव्यदृश्य माध्यमबाट ज्ञान परीक्षणपछि प्रयोगात्मक परीक्षामा सामेल गराइने छ।

मधेश प्रदेश सरकारको श्रम तथा यातायात मन्त्रालयका सचिव धनञ्जय सिंहका अनुसार साउन महिनादेखि लागू हुनेगरी ई–रिक्सा चालकको वास्तविक अवस्थालाई मध्यनजर गर्दै लिखित परीक्षा हटाएर मौखिक तथा श्रव्यदृश्य सामग्रीमार्फत परीक्षा लिइनेछ। त्यसपछि सफल उम्मेदवारलाई प्रयोगात्मक (ट्रायल) परीक्षामा सहभागी गराइने छ। मन्त्रालयले दैनिक करिब १३ जना चालकलाई लाइसेन्स प्रदान गर्ने लक्ष्य राखेको छ। सचिव सिंहले निरक्षरताका कारण लामो समयदेखि हजारौं ई–रिक्सा चालक अनुमतिपत्रबाट वञ्चित हुँदैआएको उल्लेख गर्दै नयाँ व्यवस्थाले उहाँहरूलाई कानुनी रूपमा सवारी सञ्चालन गर्न सहज हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा धनुषा ट्राफिक प्रहरी प्रमुख खगेन्द्रकुमार दाहालले लाइसेन्स वितरणसँगै ट्राफिक नियमको पालना र सुरक्षित सवारी सञ्चालनलाई समान प्राथमिकता दिनुपर्ने बताउनुभयो। चालकलाई नियमित अभिमुखीकरण तथा ट्राफिक सचेतना कार्यक्रम सञ्चालन भइरहेको उल्लेख गर्दै उहाँले सम्बन्धित क्षेत्रमै पुगेर जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिनुभयो। ई–रिक्सा मजदुर संगठनका अध्यक्ष वीरेन्द्र महतोले निरक्षरताका कारण हजारौं चालक लाइसेन्सबाट वञ्चित भएको उल्लेख गर्दै सरकारले ल्याएको नयाँ व्यवस्थाको स्वागत गर्नुभयो। उहाँले लाइसेन्स प्रक्रिया अझ सरल, छिटो र सबैका लागि पहुँचयोग्य बनाउन आग्रह गर्नुभयो।

यस्तै, मानव अधिकारकर्मी जमुना भुजेलले ई–रिक्साको वैज्ञानिक भाडादर निर्धारण, भारतीय चालकको व्यवस्थापन तथा चारभन्दा बढी यात्रु बोकेको अवस्थामा बीमासम्बन्धी स्पष्ट नीति आवश्यक रहेको बताउनुभयो। उहाँले लाइसेन्ससँगै ई–रिक्सा व्यवस्थापनलाई पनि प्रभावकारी बनाउनुपर्नेमा जोड

**–बाँकी तीन पेजमा**

# ब्राउनसुगरजस्तो पदार्थसहित तीन पक्राउ

लहान, ४ साउन। सिरहा प्रहरीले जिल्लाको दुई छुट्टाछुट्टै ठाउँबाट ब्राउनसुगरजस्तो पदार्थसहित तीनजनालाई पक्राउ गरेको छ। सिरहाको कर्जन्हा नगरपालिका– ११ नयाँ टोलस्थित बरफ उद्योगनजिबाट प्रहरीले आइतबार प्लास्टिकबाहेक ८८० मिलिग्राम ब्राउनसुगरजस्तो देखिने पदार्थसहित स्थानीय दुई युवकलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

सिरहा प्रहरीका प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार पक्राउ पर्नेहरूमा कर्जन्हा– ९ का करिब ३१ वर्षीय सुनील महरा र त्यहीँ घर भई कर्जन्हा– ११ का रामउदगार महतोको घरमा डेरा गरी बस्दै आएका करिब २४ वर्षीय अवधेश महरा छन्। कर्जन्हा प्रहरी चौकीबाट खटिएको प्रहरीले उनीहरूले १० वटा प्लास्टिकको पोका बनाएर लुकाएर राखेको लागुऔषधसहित नेपाली मुद्रा नगद पाँच हजार ७४० रुपैयाँ, दुई थान एन्ड्रोइड मोबाइल एक थान किप्याड मोबाइलसमेत बरामद गरी मिर्चैया प्रहरीमा ल्याएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

त्यसअघि प्रहरीले गोलबजार नगरपालिका ६ बा बिक्री–वितरण

**–बाँकी तीन पेजमा**

# कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादीमध्ये एकजना पक्राउ

**मणिलाल विश्वकर्मा**

लहान, ४ साउन। सिरहाको पश्चिमी भेगमा पर्ने कल्याणपुर नगरपालिका– १२, बेलहाका करिब सात वर्षीय नाबालकको हत्यामा संलग्न रहेको आरोप लागेका चारजना फरार प्रतिवादीमध्ये एकजनालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार कल्याणपुर– १२, बेलहाका गणेश मुखियाका छोरा करिब सात वर्षीय अजित मुखियाको हत्यामा संलग्न रहेको आरोप लागेका स्थानीय करिब ४५ वर्षीय ज्ञानचन मुखियालाई पक्राउ गरिएको हो। मुखिया आफ्नै घरमा लुकिछिपी बसिरहेको भन्ने गोप्य सूचनाको आधारमा परिचालन भएको प्रहरीले पक्राउ गरी जिल्ला प्रहरीमा ल्याएर थप अनुसन्धान भइरहेको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

उनका अनुसार ३ फागुन ०८१ को साँझ आफ्नै घरबाट हराएका नाबालकको शव पाँच दिनपछि स्थानीय पोखरीमा मृत फेला परेको थियो। शव भेटिएपछि मृतकका परिवारले ज्ञानचनसहित चारजनालाई प्रतिवादी बनाएर कर्तव्य ज्यानसम्बन्धी जाहेरी दिएपछि सबैजना फरार रहेको अवस्थामा खोजतलास गरी पक्राउ गरिएको हो।

त्यसअघि प्रहरीले गत शुक्रबार सिराहाको दक्षिणी सीमावर्ती बरियारपट्टि गाउँपालिका– ५, जिभ्फौल गाउँमा १८ वर्षअघि महिलाको हत्यामा संलग्न रहेको आरोपमा फरार रहेका स्थानीय करिब ६० वर्षीय रामनाथ रायलाई पक्राउ गरेको थियो। पछिल्लो समय सिराहा प्रहरीले विभिन्न फौजदारी मुद्दाअन्तर्गत फरार प्रतिवादीहरूलाई घटनाको प्रकृतिको आधारमा जिल्ला प्रहरीसहित स्थानीय प्रहरी युनिट र सादा पोसाकका प्रहरी परिचालन गरी धमाधम पक्राउ गरिरहेको छ।




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## समयमै मल आपूर्ति, किसानमा आशा

धान रोपाइँको मुख्य सिजनमा रासायनिक मलको अभावबारे किसानबाट पटक–पटक गुनासो आउने गरे पनि सिरहाको लहानस्थित कृषि सामग्री कम्पनी लिमिटेडले हाल जिल्लामा आवश्यक मात्रामा मल मौज्दात रहेको र आगामी दिनमा पनि नियमित आपूर्तिको व्यवस्था मिलाइएको जनाएको छ। कम्पनीले पर्याप्त मौज्दातसँगै आपूर्ति प्रणालीलाई थप व्यवस्थित बनाइएको दाबी गरेपछि किसानमा केही राहत र आशा पलाएको छ।

कृषि सामग्री कम्पनी लिमिटेड, लहान कार्यालयका अनुसार चालु आर्थिक वर्षभरिमा कुल १६ हजार ८४० दशमलव ३७५ मेट्रिक टन रासायनिक मल बिक्री वितरण गरिएको छ। यसले जिल्लामा कृषि उत्पादनका लागि आवश्यक मलको माग उल्लेखनीय रहेको मात्र होइन, सरकारी संयन्त्रमार्फत ठूलो परिमाणमा मल वितरण भइरहेको तथ्य पनि उजागर गर्छ। कार्यालयले हाल पनि आवश्यक परिमाणमा मल मौज्दात रहेको जानकारी दिएको छ, जसले तत्कालका लागि आपूर्तिमा कुनै समस्या नरहेको संकेत गर्दछ।

कार्यालयको तथ्यांकअनुसार अहिले ५५ दशमलव ६०० मेट्रिक टन युरिया, २१९ दशमलव ६५० मेट्रिक टन डीएपी, ८६ दशमलव ६५० मेट्रिक टन पोटास तथा ७८ दशमलव ७७५ मेट्रिक टन कृषि चुन मौज्दात रहेको छ। यी सामग्री धानसहित अन्य प्रमुख बालीको उत्पादन वृद्धि गर्न आवश्यक पर्ने आधारभूत कृषि सामग्री हुन्। पर्याप्त मौज्दातका कारण किसानले आवश्यकताअनुसार मल प्राप्त गर्न सक्ने विश्वास कम्पनीले व्यक्त गरेको छ।

कृषि सामग्री कम्पनी लिमिटेड लहानका कार्यालय प्रमुख चेवन खड्काका अनुसार मलको नियमित आपूर्तिलाई प्राथमिकताका साथ व्यवस्थापन गरिएको छ। विगतका वर्षमा देखिएका आपूर्ति असन्तुलन र ढुवानी समस्यालाई ध्यानमा राख्दै यस वर्ष वितरण प्रक्रियालाई थप प्रभावकारी बनाइएको उहाँको भनाइ छ। किसानलाई खेतीपातीको संवेदनशील समयमा मल अभाव हुन नदिने उद्देश्यका साथ आवश्यक तयारी गरिएको उहाँले जानकारी दिनुभयो।

"कृषि उत्पादन वृद्धि गर्न किसानलाई समयमै मल तथा अन्य कृषि सामग्री उपलब्ध गराउनु हाम्रो मुख्य जिम्मेवारी हो," प्रमुख खड्काले बताउनुभयो। उहाँका अनुसार मौज्दात रहेको मल क्रमिक रूपमा सहकारी संस्था तथा अधिकृत विक्रेतामार्फत किसानसम्म पुऱ्याइने व्यवस्था गरिएको छ। मागको अवस्था हेरेर थप मलसमेत आपूर्ति गरिने भएकाले तत्काल अभावको अवस्था सिर्जना नहुने उहाँले स्पष्ट पार्नुभयो। पछिल्ला केही सातायता विभिन्न स्थानका किसानले अनुदानको मल सहज रूपमा नपाएको गुनासो गर्दै आएका थिए। विशेषगरी धान रोपाइँको व्यस्त समयमा मल नपाउँदा उत्पादनमा असर पर्ने चिन्ता किसानले व्यक्त गरेका थिए। यद्यपि कृषि सामग्री कम्पनीले भने अहिले मौज्दात पर्याप्त रहेको र वितरणलाई निरन्तरता दिइएको जनाएको छ। यसले किसान र सम्बन्धित निकायबीच देखिएको अन्योल हटाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

कृषि क्षेत्र नेपालको अर्थतन्त्रको प्रमुख आधार भएकाले मलको समयमै उपलब्धता उत्पादन वृद्धिसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो। पर्याप्त मौज्दात मात्र भएर पुग्दैन, त्यो मल वास्तविक किसानसम्म सहज, पारदर्शी र समयमै पुग्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ। त्यसका लागि वितरण प्रणाली प्रभावकारी हुनुका साथै सहकारी संस्था, स्थानीय तह र सम्बन्धित निकायबीच समन्वय आवश्यक रहने विज्ञहरूको भनाइ छ। विशेषज्ञहरूका अनुसार खेतीको उपयुक्त समयमा मल प्रयोग गर्न सके उत्पादन र उत्पादकत्व दुवै बढ्ने सम्भावना रहन्छ। तर ढिलो वितरण, कृत्रिम अभाव वा कालोबजारीजस्ता समस्या दोहोरिए किसान प्रत्यक्ष रूपमा मारमा पर्छन्। त्यसैले मौज्दात पर्याप्त रहेको सरकारी दाबी व्यवहारमा पनि प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्ने आवश्यकता औँल्याइएको छ।

कृषि सामग्री कम्पनी लिमिटेडले नियमित आपूर्ति जारी रहने र थप आवश्यक परे थप मल भित्र्याउने तयारी रहेको जनाएको छ। यसले धान रोपाइँका साथै आगामी बालीका लागि पनि किसानलाई आवश्यक मल उपलब्ध गराउने अपेक्षा गरिएको छ। अब सम्बन्धित निकायको ध्यान मौज्दातको तथ्यांक सार्वजनिक गर्नुमा मात्र सीमित नभई प्रत्येक किसानले आवश्यक समयमा सहज रूपमा मल प्राप्त गर्ने वातावरण सुनिश्चित गर्न केन्द्रित हुनुपर्ने देखिन्छ। किसानको विश्वास कायम राख्न वितरण प्रणालीलाई अझ पारदर्शी, छिटो र प्रभावकारी बनाउनु आजको प्रमुख आवश्यकता हो।

# विश्वकप समाप्तिः फुटबलमा नयाँ युग थालनी

**राजु सिलवाल**

अन्तरराष्ट्रिय फुटबल महासङ्घ (फिफा)को आदर्श स्वच्छ खेललाई पछ्याउँदै अनुशासित खेल प्रदर्शन गर्दै स्पेन फिफा विश्वकप फुटबल प्रतियोगिता विजेता बन्न सफल भएको छ। स्पेन तथा अर्जेन्टिनाबीच भएको फाइनल प्रतिस्पर्धामा रेफ्री स्लाभको भिन्सिकले खेल अवधिमा अनुशासन भङ्ग गरेको आधारमा देखाएका कूल सातवटा पहेँलो कार्डमध्ये सबै कार्ड अर्जेन्टिनाका खेलाडी तथा प्रशिक्षकले पाएका थिए। अझ अर्जेन्टिनाका इन्जो फर्नाण्डिजले दोहरो पहेँलो कार्ड पाएबापत रेफ्रीले रातो कार्ड देखाइ मैदानबाट निष्काशित गरेपछि १० खेलाडीमा सीमित हुनुपरेको साविकको विजेता अर्जेन्टिनाले हार समेत ब्यहोर्नुपऱ्यो तर स्पेनका खेलाडीहरूले भने खेल अवधिभर कुनै कार्ड प्राप्त नगरी अनुशासनको उच्चतम नमूना प्रस्तुत गरेका थिए।

खेल अवधिभर विपक्षी अर्जेन्टिनाविरुद्ध पूर्ण दबाब दिन सफल स्पेनको टिमले उत्कृष्ट रणनीति प्रदर्शन गर्दै विश्व विजेता बन्न सफल भएको थियो। स्पेनका खेलाडीहरूले अर्जेन्टिनाका कप्तान लियोनेल मेस्सीलगायतका प्रभावशाली खेलाडीहरूलाई प्रारम्भदेखि अन्त्यसम्म एकोहोरो निगरानीमा राख्न सफल हुनु नै आफ्नो टिमको विजयको कारक बन्न पुग्यो। स्पेनको रक्षा पङ्क्तिदेखि अग्रपङ्क्तिका खेलाडीहरूले लगातार खेल आफ्नो नियन्त्रणमा राखिरहेको अवस्थामा अतिरिक्त समयको एक सय छ मिनेटमा फेरान टोरेसले निर्णायक गोल गरेका थिए। स्पेनको टिममा खेल कुनै खेलाडी विशेषमा निर्भर नरही सामूहिक रुपमा उचित भूमिका निर्वाह हुनुले नै टिमलाई विजयको भागीदार बनाएको अनुभव गरियो।

स्पेनको रक्षापङ्क्तिको प्रशंसा जति गरे पनि कमी हुन्छ। रक्षापङ्क्ति बलियो हुनुको कारण नै स्पेन यसपालिको विश्वकपमा सबैभन्दा कम गोल खाने उदाहरणीय टिम बन्न पुगेको छ। समूहमा चरणमा कुनै पनि गोल नखाएर अपराजित यात्रा थालेको स्पेनले क्वाटरफाइनलमा मात्र बेल्जियमको एक गोल खाएको थियो। सो खेलमा स्पेनले बेल्जियमलाई एक गोलका विरुद्ध दुई गोलले हराएको थियो। स्पेन सेमी फाइनलमा फ्रान्सलाई एक गोलका विरुद्ध दुई गोलले पराजित गरी फाइनलमा पुगेको थियो। स्पेनका कप्तान रोड्रीलाई विश्वकप अवधिभर उत्कृष्ट खेल प्रदर्शनका साथै टिमको सक्षम नेतृत्व गरेबापत सर्वोत्कृष्ट खेलाडी घोषणा गर्दै गोल्डेन बल प्रदान गरिएको थियो। स्पेनकै गोलकिपर उनाई सिमोनले प्रतियोगिता अवधिभर सबैभन्दा कम गोल खाएबापत उत्कृष्ट गोल किपरका रुपमा गोल्डेन ग्लोभ प्रदान गरिएको थियो भने रक्षापङ्क्तिका कुर्बासीलाई सर्वोत्कृष्ट युवा खेलाडी बन्न सफल भएका थिए।

स्पेनले पहिलोपटक सन् १९३४ मा इटालीमा आयोजित दोस्रो फिफा विश्वकपमा सहभागिता जनाएको थियो। त्यतिखेर स्पेन क्वाटर फाइनलसम्म पुगेको थियो। स्पेनले सन् २०१० मा दक्षिण अफ्रिकामा एकपटक विश्वकप जितेको थियो। स्पेनले हालसम्म १७ पटक विश्वकपमा सहभागिता जनाएको भए पनि दुईपटक मात्र फाइनलमा पुग्न सफल भएको थियो। विश्वभर अत्यधिक रुचाएका खेलाडी नियोनल मेस्सीको नेतृत्वमा रहेको अर्जेन्टिना विश्वकपमा अनवरत यात्राको क्रममा साबिकको विजेताबाट उपविजेतामा खुम्चनुपऱ्यो। अर्जेन्टिनाको पराजयको कारणमा आक्रामक खेल खेल्न नसक्नु नै देखियो। अग्रपङ्क्तिका खेलाडीहरूले विपक्षीको गोल पोष्टमा आक्रमक रुपमा अघि बढ्न खासै अवसर जुटाउन सकेनन। सामान्य पासिङमा समेत तालमेल मिल्न सकेको थिएन। विशेषतः स्पेनको तुलनामा अर्जेन्टिना कमजोर देखिएको थियो।

अर्जेन्टिना यसपटक सातौँ चोटी विश्वकप फुटबलको फाइनलको यात्रा निरासामा परिणत भएको छ। अर्जेन्टिनाले विश्वकप फुटबलमा पहिलो प्रतियोगितादेखि लगातार सहभागिता जनाउँदै आइरहेको हो। सन् १९७८ मा पहिलोपटक आफ्नै गृहमैदानमा नेदरल्याण्डसलाई पराजित गर्दै विश्वकप जितेको अर्जेन्टिनाले सन् १९८६ मा तत्कालीन पश्चिम जर्मनीलाई हराएर उपाधि कब्जा गरेको थियो। त्यतिखेर अर्जेन्टिनाका कप्तान डियगो म्याराडोनाले इङ्गल्याण्डविरुद्ध गरेका आकर्षक गोललाई शताब्दीकै उत्कृष्ट गोल मान्ने गरिएको छ। सन् २०१४ को विश्वकपमा फाइनलमा पुगेर पनि जर्मनीसँग पराजित भएको अर्जेन्टिनाले कप्तान लियोनेल मेस्सीको नेतृत्वमा सन् २०२२ मा फ्रान्सलाई हराएर ३६ वर्षपछि पुनः उपाधि जित्न सफल भएको थियो। अर्जेन्टिना इङ्गल्याण्डलाई सेमीफाइनलमा एक गोलका विरुद्ध दुई गोलले पराजित गरी फाइनलमा पुगेको थियो।

अर्जेन्टिनाले विश्वकपका प्रारम्भिक चरणदेखि नै लगातार जित हात पार्दै विशिष्ट पहिचान बनाउन सफल भएको थियो। समूह चरणको कुनै पनि खेलमा पराजय नभोगेको अर्जेन्टिनाले त्यसपछिका नकआउट चरणमा पनि लगातार जित हासिल गर्दै सहजै अन्तिम खेलसम्म पुग्न सक्यो। मेस्सीले यसपालिको विश्वकपमा अल्जेरियाविरुद्ध पहिलो ह्याट्रिक गर्ने खेलाडीका रुपमा कीर्तिमान स्थापित गरेका थिए। विश्वकप अवधिभर उनले कूल आठ गोल गरेका थिए।

### करोडौँको पुरस्कार

यसपटकको विश्वकपमा सन् २०२२ को विश्वकपको तुलनामा पुरस्कारको राशिमा वृद्धि गरिएको थियो। फिफाले हालसम्मकै सर्वाधिक राशि पुरस्कारको व्यवस्था गर्दै कूल पुरस्कारका लागि ८७ करोड १० लाख अमेरिकी डलर छुट्याएको थियो। विश्वकप विजेता टिमले पुरस्कारबापत पाँच करोड डलर पाएका छन्। यसअघि कतारमा विश्वकप विजेता टिम अर्जेन्टिनाले चार करोड २० लाख डलर पुरस्कार पाएको थियो। यसपालिको दोस्रो टिमले तीन करोड ३० लाख पुरस्कार प्राप्त गरेको छ। तेस्रो टिमका लागि दुई करोड ९० लाख डलर तथा चौथो टिमका लागि दुई करोड ७० लाख डलर पुरस्कारको व्यवस्था रहेको छ।

फिफाले विश्वकपको तयारीका लागि ४८ वटा प्रत्येक टिमलाई १५ लाख डलर प्रदान गरेको थियो। त्यस्तै क्वाटरफाइनल पुगेका प्रत्येक टोलीले एक करोड ९० लाख डलर पाएका थिए। यसअघि समूह चरण खेलेका प्रत्येक टोलीले ९० लाख डलर, राउण्ड अफ बत्तीसमा पुगेका प्रत्येकलाई एक करोड १० लाख डलर तथा राउण्ड अफ सोह्र पुगेका प्रत्येक टिमले एक करोड ५० लाख डलर प्राप्त गरेका थिए।

### असम्भव गोल

विश्वकपका सन्दर्भमा थुप्रै गोल भएका छन् जसले फुटबलको इतिहासमा नयाँ कीर्तिमान स्थापित गरेको छ तर केही यस्ता गोल पनि भएका छन् जुन गोललाई स्वयं फुटबल विज्ञहरूले पनि असम्भव गोल मानेका छन्। फिफाले नर्वेका एन्टोनियो नुसाले इङ्गल्याण्डविरुद्ध गरेको गोललाई असम्भव गोलका रुपमा मनोनयन गरेको छ। उनले नर्वेका गोलकिपर जोर्डन पिकफोर्डलाई झुक्याउँदै बक्सको कठिन कुनाबाट स्पिन गराउँदै सिधै गोलपोष्टको जालीभित्र छिराएर गोल गरेका थिए।

केप भर्डे टिमका रक्षापङ्क्तिका खेलाडी सिड्नी लोपेस काब्राललेे अर्जेन्टिनाविरुद्ध अतिरिक्त समयमा गरेको गोललाई पनि यो प्रतियोगिताको कठिन गोल मानिएको छ। अर्जेन्टिनाका जुलियन अल्भारेजले स्विजरल्याण्डलाई अतिरिक्त समयमा बक्स बाहिरैबाट प्रहार गरेको बल गोलमा परिणत गरेर सबैलाई चकित बनाइदिएको थिए।

### सर्वाधिक गोलकर्ता

फ्रान्सका स्ट्राइकर एम्बाप्पेले फ्रान्सलाई उपाधि दिलाउन नसके पनि विश्वकपको इतिहासमै सर्वाधिक गोल गरेको कीर्तिमानसहित गोल्डेन बुट जितेका छन्। उनले विभिन्न विश्वकपमा गरी हालसम्मकै सबैभन्दा बढी २२ वटा व्यक्तिगत गोल गरेका छन्। उनले यसपटकको विश्वकपमा मात्र १० गोल गरेका थिए। उनले पछिल्लो दुई गोल इङ्गल्याण्डविरुद्ध गरेका थिए तर सो खेलमा फ्रान्स चार गोलका विरुद्ध छ गोलले हार्न पुगेको पुगेको थियो।

### मैदानमा रुवावासी

विश्वकप फुटबल प्रतियोगितामा पराजय भइसकेपछि विभिन्न टिमका खेलाडीहरूको रुवावासी साँच्चिकै नरमाइलो क्षण बन्न पुगेको थियो। हालसम्मका सबै विश्वकपमा भाग लिई पाँचपटक उपाधि जितिसकेको ब्राजिलको हारले समर्थकहरूलाई ज्यादै निरास बनाएको थियो। ब्राजिलका विश्व प्रसिद्ध खेलाडी नेयमार आफ्नो टिम विश्वकपबाट बाहिरिएको अवस्थामा रोएको क्षण अत्यन्त नरमाइलो थियो। घाइते भएर लामो समयसम्म मैदानबाट बाहिर रहेका नेयमार विश्वकपको प्रतिस्पर्धामा फर्किदा पनि रोएको देखिएको थियो। पछिल्लो पराजयपछि नेयमारजस्ता प्रभावशाली खेलाडीलाई आगामी दिनका महत्वपूर्ण प्रतियोगितामा देख्न पाइने हो कि होइन फुटबल समर्थकहरूमा चिन्ता थपिएको छ।

### अधुरो सपना

यसपटकको विश्वकप आफ्नो अन्तिम विश्वकप हुने सार्वजनिक घोषणा गरिसकेका पोर्चुगलका कप्तान क्रिष्टियानो रोनाल्डोको आफ्नो मुलुकलाई एकपटक विश्वकपको उपाधि दिलाउने सपना पूरा हुन सङ्केन। रोनाल्डोले आफूले खेलेका छवटै विश्वकपमा लगातार गोल गर्न सफल भई विश्वकपमा गोल गर्ने पहिलो खेलाडीको रुपमा कीर्तिमान कायम गरे तापनि आफ्नो टिमलाई विश्व विजेता बनाउने सपना भने पूरा गर्न सकेनन्। विश्वकपमा उनको कूल गोल सङ्ख्या ११ पुगेको छ। उनले यसअघि युरोकप, नेशन्स लिग, च्याम्पियन्स लिगजस्ता महत्वपूर्ण फुटबल प्रतियोगिता जिते पनि विश्वकपमा नकआउट चरण जित्न त्यति सहज हुन सकेन। पोर्चुगलले विश्वकपमा हालसम्म तेस्रो स्थानभन्दा ठूलो उपाधि जित्न सकेको छैन।

### उदाहरणीय टिम

अफ्रिकाको सानो टापु राष्ट्र केप भर्डेले पहिलोपटक विश्वकपमा छनोट भएर पनि सबैको मन जित्न सफल भयो। करिब पाँच लाख ६० हजार जनसङ्ख्या भएको सानो राष्ट्रको टिमले अन्य टिमलाई दिएको चुनौती प्रशंशनीय थियो। अर्जेन्टिनाजस्तो बलियो टिमलाई अतिरिक्त समयसम्म चुनौती दिनसक्नु यो टिमको सानो सफलता थिएन। अन्तिममा पनि आत्मघाती गोलका कारण यो टिम बाहिरिएको थियो। यसअघि स्पेनसँग गोलरहित बराबरी खेलेर केपभर्डेले विश्वकै ध्यान आफ्नो टिमतर्फ केन्द्रित गरेका थिए। केपभर्डे टिमले खेलेका सबै खेलमा उत्कृष्ट खेल प्रदर्शन गर्दै धेरै गोल बचाएर केप भर्डे टिमका ४० वर्षीय गोलकिपर भोजिन्हा उदाहरणीय खेलाडी बन्न पुगेका थिए।

### 'तिमीलाई सम्झिरहनेछौँ'

विश्वकपमा खेल कौशल प्रदर्शन गरेर दर्शकहरूलाई प्रभावित बनाएका एक खेलाडीलाई प्रतियोगिता समाप्त नहुँदै गुमाउनुपर्दा फुटबलप्रेमीहरू अत्यन्त दुःखित भएका थिए। दक्षिण अफ्रिकाका एकजना खेलाडीले पराजयपछि घर फर्किएलगत्तै मृत्युवरण गरेको समाचारले सबैलाई स्तब्ध बनायो। दक्षिण अफ्रिकालाई पहिलोपटक विश्वकपको नकआउट चरणमा

–बाँकी तीन पेजमा

## *विश्वकप समाप्तिः...*

लैजान महत्वपूर्ण भूमिका खेलेका २५ वर्षीय खेलाडी जेडेन एडम्सको आफ्नो गृह मुलुकमा फर्केलगत्तै दुःखद् निधन भएपछि विश्वकपका खेलमा खेलाडीहरूले मौनधारण गरेका थिए। केपटाउनस्थित निजी निवासमा उनलाई मृत अवस्थामा फेला पारिएको थियो।

विश्वकपमा प्रतिस्पर्धा गरिरहँदा उनकी हजुरआमाको निधन भएको भए पनि उनले राष्ट्रको लागि खेललाई निरन्तरता दिएका थिए। विश्वकपमा दक्षिण अफ्रिकाले मेक्सिको, चेक गणतन्त्र र दक्षिण कोरियासँग प्रतिस्पर्धा गर्दा उनी मैदानमा सक्रिय देखिएका थिए। प्रतियोगिताको सहआयोजक क्यानडासँग पराजित भएपछि दक्षिण अफ्रिकी टिम स्वदेश फर्केको थियो।

**हारेर पनि जितेकाहरू**

विश्वकप फुटबल केही टिमले हारेर पनि दर्शकहरूको मन जितेका छन्। यस्ता टिममा इजिप्ट अग्रपङ्क्तिमा रह्यो। बोस्निया हर्जगोभिनाले पहिलोपटक नकआउट चरणमा पुगेर बाहिरिनु परे तापनि दर्शकहरूको अपार समर्थन पाउन सफल भएको थियो। यस्तै केही अफ्रिकी टिमले देखाएको खेल प्रदर्शनबाट अफ्रिकी मुलुकको आगामी दिनमा राम्रो सम्भावना भएको आकलन गर्न सकिन्छ। अफ्रिकी टापु केपभर्डे टिम पहिलोपटक नकआउटमा पुगेर आफ्नो आकर्षक खेल देखाएको थियो। विशेषगरी अर्जेन्टिनासँगको खेलका क्रममा यो टिमले मैदान कब्जा गरेर नतिजा आफ्नो पक्षमा ल्याउन कोशिस गरेको थियो। कङ्गो पनि दर्शकहरूको मन जित्न सफल टिमहरूमध्ये परेको थियो।

**घरभित्रको कुरा**

नेपाली फुटबल प्रेमीहरूले विश्वकपको अन्तिम चरणमा निःशुल्क फुटबलको प्रत्यक्ष प्रसारण हेर्ने अवसर पाएर राहतको महसुस गरे तर खेल अवधिमा केही समय विद्युत् आपूर्ति बन्द हुँदा दर्शकहरू निरास बन्न पुगे। सरकारी च्यानल एनटिभी प्लसले फाइनल र तेस्रो स्थानका लागि भएको खेलको कुनै शुल्क नतिरेरै हेर्ने व्यवस्था मिलाएको थियो। यसअघि दर्शकहरूले निजी क्षेत्रको टेलिभिजनमा शुल्क तिरेर मात्र विश्वकप हेरिरहेका थिए। स्थापनादेखि नै नेपाल टेलिभिजनले विश्वकप फुटबल निःशुल्क रुपमा प्रदर्शन गर्दै आइरहेको थियो। आगामी दिनमा यस्तो महत्वपूर्ण खेलकुद प्रतियोगिता निःशुल्क रुपमा प्रदर्शनका लागि सरकारी सक्रियता अपेक्षित मानिएको छ।

नेपालमा विश्वकपको अत्यन्त ठूलो प्रभाव परेको देखियो। बजारमा टेलिभिजनको बिक्री ह्वात्तै बढ्न गयो। होटल, रेष्टुरेण्टले फुटबल देखाएरै उल्लेखनीय व्यापार गरे। कयौँ नेपाली विश्वकप हेर्नका लागि लाखौँ रुपैयाँ खर्च गरेर प्रतियोगितास्थलमै समेत पुगेका थिए। मुलुकभित्र मध्यरातको समयमा पनि फुटबल हेर्नेको सङ्ख्यामा कुनै कमी देखिएन। बाटोमा विभिन्न टिमका जर्सी लगाएर हिँड्नेहरू थुप्रै देखिन्थे, जसमध्ये अर्जेन्टिनाका कप्तान मेस्सीको नाम अङ्कित १० नम्बरको टिसर्ट लगाउनेको सङ्ख्या उल्लेख्य रहेको थियो।

समग्रमा विश्वकै लामो खेलकुद प्रतियोगिता मानिएको फिफा विश्वकप फुटबलले संसारभरका खेलप्रेमीहरूलाई एक सूत्रमा बाँध्दै विश्वबन्धुत्वको भावना अभिवृद्धिका लागि महत्वपूर्ण अध्याय स्थापित गरेको छ। विश्वकपका सन्दर्भमा विभिन्न १६ वटा रङ्गशालामा ३९ दिनसम्म सञ्चालन गरिएका १०४ खेलले भिन्दाभिन्दै भूगोल, संस्कृति तथा परिवेशमा रहेका मानिसलाई अझ नजिक बनाउँदै यो फुटबल प्रतियोगिताले नयाँ युगको थालनी गरेको छ। यस प्रतियोगितामा अत्यन्त प्रतिस्पर्धात्भक खेलको माध्यमबाट विश्वकप विजेता चयन गरिनुका साथै अन्य विविध विश्व कीर्तिमान कायम भएका छन्। विश्वकपका सन्दर्भमा परम्परागत दाबेदार टिमहरूको छिट्टै पराजयजस्ता अप्रत्याशित नतिजा पनि देखिएका छन्। अपेक्षा नगरिएका टिम तथा चर्चामा नआएका कयौँ प्रतिभाशाली खेलाडीहरूको उचित खेल प्रदर्शन विश्वकपको विशेषता बनेको छ। विज्ञान तथा प्रविधिको उच्चतम विकासलाई खेलसँग जोडने सत्प्रयासले फुटबलमा नयाँ युगको थालनी भएको महसुस गरिएको छ।

विश्वकपमा पहिलोपटक धेरै मुलुकले खेल्ने अवसर पाए जसले समग्र विश्वकै फुटबलको विकासमा महत्वपूर्ण योगदान पुगेको अनुभव गरिएको छ। विगतमा सीमित शक्तिशाली टिमहरूको मात्र बाहुल्यता रहने गरेको विश्वकपमा यसपटक साना मुलुकका टिमहरूले समेत देखाएको प्रसंशनीय खेलबाट आगामी दिनमा प्रतिस्पर्धा अझ बढ्नसक्ने अपेक्षा गर्न सकिन्छ। समग्रमा फिफा विश्वकप २०२६ ले जुन इतिहास कायम गरेको छ, जसले फुटबलको विश्वव्यापी मैदानलाई अझ फराकिलो बनाउँदै लगेको छ। यसबाट निकट भविश्यमा विश्वको जुनसुकै कुनामा बसेका फुटबलप्रेमीहरू पनि लाभान्वित हुनसक्ने कुरामा आशावादी हुन सकिन्छ।

# तीतो करेलाखेतीमा उज्यालो भविष्य खोज्दै सम्सीका महिलाहरू

जनकपुरधाम, ४ साउन। एक समय घरधन्दामा सीमित महोत्तरीको सम्सी गाउँपालिका–७ सम्सीका महिलाहरू आजभोलि करेलाको हरियालीसँगै आफ्नो जीवनको उज्यालो भविष्य कोर्दै छन्। सामूहिक प्रयास, निरन्तर मेहनत र व्यावसायिक सोचले सम्सीका महिलाहरूलाई आत्मनिर्भर मात्र बनाएको छैन, गाउँमै सम्मानित कृषक–उद्यमीका रूपमा समेत स्थापित गरेको छ। सम्सी गाउँपालिकाका विभिन्न वडामा महिलाहरूले समूह बनाएर व्यावसायिक रुपमा करेलाखेती सुरु गरेका छन्। केही वर्षअघिसम्म परम्परागत खेतीमा सीमित उहाँहरू अहिले आधुनिक प्रविधि अपनाएर करेलाको उत्पादन गर्दै स्थानीय बजारसँगै जनकपुर, जलेश्वर, गौशाला, बर्दिबास र छिमेकी जिल्लासम्म बिक्री गर्न थालेका छन्।



बिहान सबेरै खेतमा पुगेर लहराको स्याहार, सिँचाइ, मल व्यवस्थापन र टिपाइमा व्यस्त देखिने महिलाहरूको अनुहारमा थकानभन्दा बढी आत्मविश्वास झल्किन्छ। सम्सी गाउँपालिका–७ निवासी शैलीदेवी यादवका अनुसार करेलाखेतीबाट हुने नियमित आम्दानीले परिवारको दैनिक खर्च धान्न, छोराछोरीको पढाइ खर्च जुटाउन र बचत गर्न समेत सहज भएको छ। “पहिला घरबाहिर काम गर्ने अवसर कम थियो, अहिले आफ्नै गाउँमा खेती गरेर आम्दानी गर्न सकेका छौँ”, शैलीदेवी भन्नुहुन्छ, “परिवारको निर्णयमा पनि हाम्रो भूमिका बढेको छ।” अघिल्लो वर्ष दुई कट्टामा लगाएको करेलाखेतीबाट राम्रो आम्दानी भएपछि यस वर्ष चार कट्ठा लगाएको उहाँको भनाई छ।

“सुरुमा केही काम नगरी घरमा त्यतिकै समय बिताउँदै थिए”, सम्सी गाउँपालिका ७ कै रिमाकुमारी बैठा भन्नुहुन्छ “तर अहिले समूहमार्फत करेलाखेतीबारे जानकारी पाएपछि व्यवसायिक रुपमा करेला खेती गर्दै आएकी छु”, धानको सिजनमा धान बाली लगाउँछु र बाँकी जग्गामा करेलाखेती लगाएर आम्दानी गर्दै आएको उहाँ बताउनुहुन्छ। उर्वर भूमि, सिँचाइको सुविधा र बजारसँगको सहज पहुँचका कारण सम्सीमा करेलाखेती विस्तार हुँदै गएको कृषि प्राविधिक महेश यादव बताउनुहुन्छ। उचित समयमा बीउ रोप्ने, बाँस र तारको सहायताले लहरा व्यवस्थापन गर्ने तथा जैविक मलको प्रयोग बढाउँदा उत्पादन र गुणस्तर दुवैमा सुधार आएको उहाँका भनाइ छ।

महिलाहरूले उत्पादन गरेको करेला स्थानीय व्यापारीले खेतबाटै खरिद गर्ने गरेका छन्। बजार मूल्य अनुकूल हुँदा एक सिजनमै उल्लेख्य आम्दानी हुने भएकाले अन्य महिलाहरू पनि यसतर्फ आकर्षित हुन थालेका छन्। केहीले करेलासँगै काँक्रो, लौका, घिरौँला र अन्य मौसमी तरकारीको समेत मिश्रित खेती गर्दै जोखिम घटाउने प्रयास गरिरहेका छन्। करेला खेतीले आर्थिक लाभ मात्र दिएको छैन, महिलाहरूमा नेतृत्व क्षमता र आत्मविश्वास पनि बढाएको छ। सम्सी गाउँपालिका–७ वीभाकुमारी यादवको नेतृत्वमा गठन भएको ‘देवकी करेला बाली उत्पादक कृषक समूह’ अहिले महिलालाई आर्थिक उपार्जन तथा आत्मनिर्भर बन्ने केन्द्र बनेको छ। समूहमा आबद्ध २५ जना महिलाले घरायसी कामपछि बाँकी समयलाई करेलाखेतीमा लगाउन थालेका छन्।

समूहमा आबद्ध भएर महिलाहरूले बचत गर्ने, अनुभव आदानप्रदान गर्ने, नयाँ प्रविधि सिक्ने र बजार खोज्ने काम सामूहिक रूपमा गर्दै आएका छन्। यसले सामाजिक रूपमा पनि महिलाको भूमिका थप सशक्त बन्दै गएको स्थानीय अगुवा सुरेश ठाकुर बताउनुहुन्छ। सरकारी तथा विकास साझेदार संस्थाले पनि व्यावसायिक तरकारीखेतीलाई प्राथमिकतामा राख्दै किसानलाई तालिम, प्राविधिक सहयोग, सिँचाइ पूर्वाधार र कृषि सामग्रीमा अनुदान उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ।

विश्व बैंक र विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको आर्थिक सहयोगमा नेपाल सरकारको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (फ्यानसेप नेपाल) आयोजना कलष्टर एकाइ धनुषाद्वारा सञ्चालित परियोजनाअन्तर्गत महिलालाई करेलाखेतीबारे आवश्यक ज्ञान सीपसँगै उन्नत बीउबिजन, औषधिलगायतका प्राविधि ज्ञान तथा अनुदान दिएपछि महिलाहरू व्यावसायिक रुपमा करेलाखेतीमा जुटेका हुन्। यस्ता कार्यक्रमले महिलालाई व्यवसाय विस्तार गर्न सहज बनाएको छ। परियोजनामार्फत अनुदानसँगै आधुनिक प्रविधि र व्यवस्थापनबारे जानकारी पाएपछि उत्पादनमा गुणस्तरीय सुधार आएको समूहका महिला कृषकहरू बताउँछन्।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (फ्यानसेप नेपाल) आयोजना कलष्टर एकाइ धनुषाका प्रशासन प्रमुख शिवनाथ शर्माका अनुसार परियोजनाअन्तर्गत करेलाखेतीका लागि सो महिला समूहमा २५ जना सदस्यलाई खेतीबारे पाठशालामार्फत ज्ञान सीप दिनुका साथै बीउबिजन, सिँचाइका लागि पानी तान्ने मोटरलगायतका सामग्री खरिदमा अनुदान उपलब्ध गराइएको छ। जलवायु सहनशीलता अभिवृद्धि गर्ने, कृषि उत्पादकत्व बढाउने तथा लक्षित साना कृषक समुदायको पोषण अभ्यासमा सुधार ल्याउने उद्देश्यले धनुषाको बटेश्वर र जनकनन्दनी गाउँपालिकामा तथा महोत्तरीको सम्सी र सोनमा गाउँपालिकामा उक्त परियोजना सञ्चालनमा छन्।

परियोजनाअन्तर्गत दुई जिल्लाका चार पालिकामा ५५३ वटा समूह सक्रिय रहेको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (फ्यानसेप नेपाल) आयोजना कलष्टर एकाइ धनुषाले जनाएको छ। एकाइका कार्यालय प्रमुख रविलाल शर्माका अनुसार सक्रिय रहेका ४०० समूहलाई साना अनुदान, पूरक अनुदान, प्रवर्द्धन कार्यक्रम अनुदान र घरबारी पोषण बगैँचा योजनामार्फत समूहको कामको मूल्याङ्कन गरी अनुदान सिधै किसानहरूको खातामा पठाउँदै आएको छ। सीमान्तकृत, साना किसान, गर्भवतीलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिएको प्रमुख शर्माको कथन छ।

तरकारीखेतीमा महिलाको सक्रिय सहभागिताले ग्रामीण अर्थतन्त्रलाई गतिशील बनाइरहेको कृषिविज्ञ तथा परियोजनाका कृषि अधिकृत शिवचन्द्र झा बताउनुहुन्छ। उत्पादनसँगै प्रशोधन, प्याकेजिङ र बजारीकरणमा ध्यान दिनसके करेलाखेती अझ बढी आम्दानीको स्रोत बन्न सक्ने उहाँको सुझाव छ। बीउ, मल, विषादीको मूल्यवृद्धि, बजार मूल्यमा हुने उतारचढाव, बालीमा लाग्ने रोग–कीरा तथा पर्याप्त शीतभण्डारणको अभावलाई मुख्य चुनौतीका रूपमा रहेको महिला किसानहरू बताउँछन्।

## *ई–रिक्सा चालकको ...*

दिनुभयो। त्यसैगरी ई–रिक्सा चालक अजितकुमार मण्डलले आफू सात वर्षदेखि ई–रिक्सा चलाउँदै आएको उल्लेख गर्दै निश्चित स्ट्यान्ड, वैज्ञानिक भाडादर तथा नवीकरण प्रक्रियालाई व्यवस्थित बनाउन माग गर्नुभयो।

ई–रिक्सा मजदुर संगठनका सचिव सन्तोष महराले लाइसेन्स वितरण प्रक्रियालाई थप सहजीकरण गर्न, दैनिक सेवा क्षमता बढाउन तथा चालकमैत्री व्यवस्था लागू गर्न सरकारसँग आग्रह गर्नुभयो। कार्यक्रममा विकल्प अल्टरनेटिभले यसअघि कोशी प्रदेशमा पनि ई–रिक्सा चालकको लाइसेन्स प्रक्रियालाई सहजीकरण गर्दै प्रभावकारी रूपमा कार्यान्वयन गरिसकेको अनुभव साझा गरेको थियो। कायापलटका अध्यक्ष दिवाकर उप्रेतीले विगतदेखि नै ई–रिक्सा चालक अनुमतिपत्र व्यवस्थापनलाई सहज बनाउन संस्थाले निरन्तर सहकार्य गर्दैआएको बताउनुभयो॥

कार्यक्रमका वक्ताहरूले मधेश सरकारको नयाँ पहलले हजारौं ई–रिक्सा चालकलाई कानुनी दायरामा ल्याउन महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका थिए। वक्ताहरूले लाइसेन्स वितरण प्रक्रियालाई सहज बनाउनुका साथै ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन, सडक सुरक्षासम्बन्धी व्यापक जनचेतना, यात्रुको सुरक्षा, बीमा व्यवस्था तथा वैज्ञानिक भाडादर निर्धारणलाई पनि समान प्राथमिकताका साथ अघि बढाउनुपर्नेमा जोड दिएका थिए।

## *ब्राउनसुगरजस्तो ...*

गरिरहेको अवस्थामा शनिबार स्थानीय करिब २७ वर्षीय सुजन थापामगरलाई पक्राउ गरेको थियो। प्रहरीका अनुसार गोलबजारस्थित इलाका प्रहरी कार्यालय र लागुऔषध नियन्त्रण ब्युरो शाखाबाट खटिएको प्रहरी टोलीले मगरलाई २४ वटा स–साना पोका बनाइएको प्लास्टिकबाहेक एक ग्राम २८० मिलिग्राम लागुऔषध र एक थान मोबाइलसहित पक्राउ गरिएको हो। उनलाई गोलबजार प्रहरीमा ल्याएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# लहान खानेपानी संस्थानद्वारा बक्यौता असुलीमा कडाइ

लहान, ४ साउन। नेपाल खानेपानी संस्थान लहानले लामो समयदेखि महसुल नतिर्ने उपभोक्ताबाट बक्यौता असुली अभियानलाई तीव्र बनाएको छ। संस्थानले घरदैलो कार्यक्रम सञ्चालन गर्नुका साथै बक्यौता नतिर्ने उपभोक्ताको खानेपानी धारा काट्ने कामलाई अघि बढाएको हो। शाखा प्रमुख राकेश गोइतका अनुसार हालसम्म महसुल नबुझाउने १४० जना उपभोक्ताको धारा काटिएको छ। बक्यौता रकम भुक्तानी गरे लगत्तै पुनः धारा जडान गरिने व्यवस्था गरिएको उनले बताए। उनका अनुसार हाल रु ७१ लाख ८० हजार ३१६ बक्यौता रकम असुल हुन बाँकी छ।

बक्यौता नतिर्ने उपभोक्ताको विवरण संकलन गरी कालोसूचीमा राख्ने तयारीसमेत भइरहेको प्रमुख गोइतले जानकारी दिए। उनका अनुसार लहान नगरपालिकाको मात्रै रु २६ लाख बक्यौता बाँकी छ। नगरपालिकाका विभिन्न वडामा जडान गरिएका सार्वजनिक धाराको महसुल भुक्तानी हुन

–बाँकी अन्तिम पेजमा

# रौतहट प्रहरीको एक वर्षः ४४८ फरार प्रतिवादी पक्राउ




वीरगन्ज, ४ साउन। जिल्ला प्रहरी कार्यालय रौतहटले आर्थिक वर्ष २०८२/८३ मा विभिन्न मुद्दामा ६९४ जनालाई पक्राउ गरेको छ। कार्यालयले आइतबार पत्रकार सम्मेलन गरी एक वर्षको अवधिमा रु पाँच करोडभन्दा बढी मूल्यबराबरका भन्सार छलीका सामान बरामद गरिएको जनाएको छ। वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै प्रहरी उपरीक्षक (एसपी) सीताराम रिजालले वर्षभरि एक हजार १५२ वटा मुद्दा दर्ता भएको जानकारी दिनुभयो।

तीमध्ये ६८० वटा मुद्दा फछ्र्योट भइसकेका छन् भने ४७२ वटा अनुसन्धानकै क्रममा छन्। त्यस्तै चार हजार ८५० ठाडो उजुरी परेकामा चार हजार ३८० फछ्र्योट भएको र ४७० प्रक्रियामा रहेको कार्यालयले जनाएको छ। लागुऔषध नियन्त्रण अभियानअन्तर्गत ३९ वटा मुद्दा दर्ता गरी ५१ जनालाई पक्राउ गरिएको एसपी रिजालले बताउनुभयो। उहाँले भन्नुभयो, "यस अवधिमा ८४७ किलो ७२० ग्राम गाँजा, २५ ग्राम ५१० मिलीग्राम ब्राउन सुगर, चार हजार २६५ नशालु एम्पुल तथा १३ हजार ९१६ वटा लागुऔषधजन्य ट्याब्लेट बरामद गरिएको छ।"

अदालतको फैसला कार्यान्वयन अभियानमा प्रहरीले ४४८ फरार प्रतिवादीलाई पक्राउ गरेको छ। उनीहरूबाट ७६ वर्ष ११ महिना ११ दिन कैद सजाय कार्यान्वयन हुनुका साथै रु ६९ लाख ७१ हजार ८७४ जरिवाना असुल गरिएको छ। अवैध हातहतियार नियन्त्रण अभियानअन्तर्गत छ थान हतियार र ११ राउन्ड गोली बरामद गरिएको छ भने तीन जनालाई पक्राउ गरिएको छ। यस्तै, खोटा मुद्रासम्बन्धी तीनवटा मुद्दामा सात जनाविरुद्ध कारबाही अघि बढाइएको र एक लाख ३६ हजार नक्कली नोट बरामद गरिएको एसपी रिजालले बताउनुभयो।

ट्राफिक व्यवस्थापनतर्फ आर्थिक वर्षभरि एक हजार ८८ वटा सवारी दुर्घटना हुँदा ५३ जनाको मृत्यु भएको तथा एक हजार ६९६ जना घाइते भएका छन्। ट्राफिक नियम उल्लङ्घन गर्ने १० हजार २५५ सवारीसाधनलाई कारबाही गर्दा रु एक करोड एक लाख ३७ हजार राजस्व सङ्कलन भएको प्रहरीले जनाएको छ। भन्सार छली नियन्त्रण अभियानमा १८ जनालाई पक्राउ गरी १५५ वटा सवारीसाधन नियन्त्रणमा लिइएको छ। यस क्रममा रु पाँच करोड ९२ लाख ५५ हजार ७२१ बराबरका राजस्व छलीका सामान भन्सार कार्यालयमा दाखिला गरिएको एसपी रिजालले बताउनुभएएको छ।

प्रहरीले स्रोत नखुलेको रु १३ लाख ६२ हजार २०० सहित चार जनालाई पक्राउ गरेको छ। अवैध सालको काठ बरामद गरी रु पाँच लाख ९५ हजार २२५ राजस्व सङ्कलन भएको छ। नदीजन्य पदार्थको अवैध उत्खनन गर्ने ३० सवारीसाधनसहित तीन जनालाई पक्राउ गरी रु दुई लाख ५७ हजार ३०० राजस्व सङ्कलन गरिएको छ। एक वर्षको अवधिमा एक लाख ३३ हजार ७६४ सेवाग्राहीले जिल्ला प्रहरी कार्यालय रौतहटबाट विभिन्न प्रहरी सेवा प्राप्त गरेका छन्। सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत वर्षभरि १५४ कार्यक्रम सञ्चालन भएको थियो।

# बसही खोलाको पुल निर्माणमा वर्षौंको ढिलाइ

जनकपुरधाम, ४ साउन। धनुषाको ढल्केबर–जटही सडकखण्डअन्तर्गत मिथिला नगरपालिका–६ स्थित बसही खोलामा निर्माणाधीन पुल वर्षौंदेखि सम्पन्न हुन नसक्दा स्थानीयवासी र यात्रुले सास्ती खेपिरहेका छन्। निर्माणमा भएको ढिलाइका कारण उक्त स्थान दुर्घटनाको उच्च जोखिमयुक्त क्षेत्रसमेत बनेको छ। ढल्केबरदेखि जटहीसम्मको सडक छ लेनमा विस्तार भइसके पनि बसही खोला पार गर्न अझै पुरानै साँघुरो पुल प्रयोग गर्नुपर्ने बाध्यता छ। फराकिलो सडकबाट तीव्र गतिमा आएका सवारीसाधन साँघुरो पुलमा प्रवेश गर्दा चालक झुक्किने र दुर्घटना हुनेक्रम बढेको स्थानीयको भनाइ छ।

स्थानीय विजय साहले निर्माण व्यवसायीको लापर्वाहीका कारण वर्षौंदेखि काम अलपत्र परेको बताउनुभयो। यस अवधिमा उक्त क्षेत्रमा धेरै दुर्घटना भइसकेको र मानवीय क्षतिसमेत भएको उहाँको भनाइ छ। उहाँका अनुसार अहिले निर्माण सामग्रीमा समेत खिया लाग्न थालेको छ। सडक डिभिजन कार्यालय जनकपुरका अनुसार रु १४ करोड आठ लाख २३ हजारको लागतमा नागार्जुन–हेक कन्स्ट्रक्सन जेभीसँग २०७६ असार ३१ गते सम्झौता भएको थियो। २०७८ असार मसान्तभित्र सम्पन्न गर्ने लक्ष्य रहे पनि हालसम्म करिब ४० प्रतिशत मात्र काम भएको छ।

सडक डिभिजन कार्यालय जनकपुरका प्रमुख दरोगाप्रसाद साहले पटक–पटक म्याद थप्दा पनि निर्माण व्यवसायीले अपेक्षित रूपमा काम नगरेपछि कारबाही प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो। उहाँका अनुसार सोही प्रक्रियाका कारण अहिले निर्माण रोकिएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक खगेन्द्रकुमार दाहालले पुरानो साँघुरो पुलका कारण दुर्घटनाको जोखिम बढेको बताउनुभयो। उहाँका अनुसार फराकिलो सडकबाट आउने सवारीसाधन एक्कासि साँघुरो पुलमा पुग्दा चालक अलमलिने गरेका छन्। जोखिम न्यूनीकरणका लागि ट्राफिक सङ्केत राखिए पनि चालकको असावधानीका कारण दुर्घटना रोकिएको छैन। नेपाल–भारत व्यापार, जनकपुरधामको धार्मिक पर्यटन तथा मधेस प्रदेशको यातायात सञ्जालका दृष्टिले महत्वपूर्ण मानिने यस सडकखण्डमा पुल नबन्दा आवागमन मात्र होइन, स्थानीय आर्थिक गतिविधिसमेत प्रभावित भएको जनकपुरधाम उपमहानगरपालिकाका दीपेन्द्र तिवारीले बताउनुभयो। स्थानीयवासी तथा व्यवसायीले राष्ट्रिय महत्वको यस सडक आयोजनालाई पूर्णता दिन बसही खोलाको पुल यथाशीघ्र निर्माण सम्पन्न गर्न सरकारसँग माग गरेका छन्।

# छात्रामाथि दुर्व्यवहार गरेको आरोपमा शिक्षकसहित तीन जना पक्राउ



**खेमराज सापकोटा**

मोरङ, ४ साउन। मोरङको सुन्दरहरैँचा नगरपालिका–१० स्थित सुकुना माध्यमिक विद्यालयमा छात्रामाथि अमर्यादित व्यवहार गरेको आरोपमा शिक्षक सहित तीन जनालाई सोमबार प्रहरीले पक्राउ गरी अनुसन्धान सुरु गरेको छ। घटनापछि विद्यालयले आरोपित तीनै जना शिक्षक–कर्मचारीलाई निलम्बन गरेको छ भने सुन्दरहरैँचा नगरपालिकाले निष्पक्ष छानबिन गरी कानुनी प्रक्रिया अघि बढाउन निर्देशन समेत दिएको छ।

जिल्ला प्रहरी कार्यालय मोरङका अनुसार पक्राउ पर्नेमा सुन्दरहरैँचा–१० का ४० वर्षीय प्रदीप भट्टराई, सुन्दरहरैँचा–२ का ३० वर्षीय किशोरलाल गच्छदार र सुन्दरहरैँचा–१२ का ३५ वर्षीय अबिरल मास्के रहेका छन्। उनिहरु विद्यालयका शिक्षक तथा कर्मचारी हुन्। नीहरूमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। मोरङ प्रहरीका सूचना अधिकारी डीएसपी मकेन्द्रकुमार मिश्रले सामाजिक सञ्जालमा सार्वजनिक भएका गुनासा र प्राप्त उजुरीका आधारमा अनुसन्धान अघि बढाइएको जानकारी दिनुभयो। अनुसन्धानका क्रममा अन्य व्यक्तिको संलग्नता पुष्टि भए कानुनबमोजिम कारबाही गरिने उनले उहाँको भनाइ छ।

घटनापछि सुन्दरहरैँचा नगरपालिकाले विज्ञप्ति जारी गर्दै विषयप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। प्रमुख प्रशासकीय अधिकृत गणेशराज कार्कीद्वारा जारी विज्ञप्तिमा आरोपित शिक्षक तथा कर्मचारीलाई तत्काल निलम्बन गरी निष्पक्ष छानबिन गर्न विद्यालयलाई निर्देशन दिइएको उल्लेख छ। नगरपालिकाको निर्देशनपछि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको संयुक्त बैठकले आरोप लागेका प्रदीप भट्टराई, भीमप्रसाद नेपाल र अबिरल मास्केलाई अनुसन्धान नसकिँदासम्मका लागि निलम्बन गर्ने निर्णय गरेको विद्यालयले जनाएको छ। नेपाल संगित प्रशिक्षक हुन् भने मास्के शिक्षक र भट्टराई बसका चालक रहेका छन्।

यसअघि सामाजिक सञ्जालमा केही छात्राले शिक्षक र कर्मचारीबाट अनुचित व्यवहार भएको दाबी गर्दै अनुभव सार्वजनिक गरेपछि आइतबार नै घटना बाहिर आएको हो। त्यसयता नगर बाल सञ्जाल, कानुन विद्यार्थी समाजलगायत विभिन्न संघसंस्थाले निष्पक्ष छानबिन, पीडितको सुरक्षा तथा दोषी प्रमाणित भए कडा कानुनी कारबाहीको माग समेत गरेका छन्।

***लहान खानेपानी ...***

नसक्दा समस्या देखिएको भन्दै उनले सार्वजनिक स्थानमा जडान गरिएका ५६ वटा धारामध्ये हाल १४ वटा मात्रै सञ्चालनमा रहेका जानकारी दिए।

साथै घरेलु तथा साना उद्योग कार्यालय, सडक डिभिजन कार्यालय, यान्त्रिक कार्यालय, रामकुमार उमाप्रसाद स्मारक अस्पताल, रेडक्रस सोसाइटीलगायत सरकारी निकाय तथा विभिन्न व्यक्ति र संस्थाबाट पनि बक्यौता उठाउन बाँकी रहेका प्रमुख गोइतले बताए। सेवा नियमित र प्रभावकारी बनाउन समयमै महसुल तिर्न सबै उपभोक्तालाई आग्रह गर्दै बक्यौता असुली अभियानलाई अझ कडाइका साथ लागू गरिने उनको भनाइ छ।

# जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट गत आवमा एक करोड १४ लाख राजस्व सङ्कलन

जनकपुरधाम, ४ साउन। जिल्ला ट्राफिक प्रहरी कार्यालय जनकपुरधाम, धनुषाले गत आर्थिक वर्ष २०८२/८३ मा रु एक करोड १४ लाख नौ हजार ५०१ राजस्व सङ्कलन गरेको छ। प्रमुख प्रहरी निरीक्षक खगेन्द्रकुमार दाहालले आव २०८२/८३ मा ट्राफिक नियम उल्लङ्घन गर्नेहरूबाट १२ हजार ६०३ सवारीसाधनमाथि कारबाही गर्दा रु एक करोड १४ लाख नौ हजार ५०१ राजस्व सङ्कलन भएको जानकारी दिनुभयो।

आव २०८१/८२ मा २८ हजार ५३८ सवारीसाधनमाथि कारबाही गर्दा रु दुई करोड २१ लाख १० हजार ५०० राजस्व सङ्कलन गरेको थियो। धनुषा जिल्लामा आव २०८२/८३ मा भएको एक हजार ३५८ सवारी दुर्घटनामा परी ८२ जनाको मृत्यु भएको छ भने दुई हजार १९८ जना घाइते भएका छन्। अघिल्लो आव २०८१/८२ मा धनुषामा एक हजार २२१ सवारी दुर्घटना हुँदा ८४ जनाको मृत्यु भएको थियो। पछिल्ला केही वर्षयता धनुषा जिल्लामा सवारी दुर्घटना बढे पनि दुर्घटनामा परी मृत्यु हुनेको सङ्ख्यामा कमी आएको देखिन्छ। सडकको नाजुक अवस्था, मानवीय लापर्वाही लगायतका कारण बितेका वर्षमा सवारी दुर्घटना केही बढे पनि दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या घटेको प्रहरी निरीक्षक दाहालले बताउनुभयो। पछिल्ला वर्षमा ट्राफिक सचेतना र नियमित ट्राफिक चेकजाँचका कारण सवारी दुर्घटनामा कमी आएको प्रहरी निरीक्षक दाहालको दाबी छ।

# कोशी नदीमा हाम फालेका व्यक्तिको सकुशल उद्धार

काठमाडौं, ४ साउन। सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका–१ कोशी ब्यारेकको ४७ नम्बर ढोकाबाट हाम फालेका व्यक्तिको सकुशल उद्धार गरिएको छ। सोही नगरपालिका–५ बस्ने अन्दाजी २८ वर्षीय जयप्रकाश साह उक्त नदिमा असार ४ गते सोमबार दिउँसो नदीमा हाम फालेका थिए। सो घटना लगत्तै सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन बेश भारदहबाट खटिएको सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले उनलाई उक्त ब्यारेजदेखि करिब ९० मिटर तलबाट मोटर बोटको सहायताले सकुशल उद्धार गरेको छ। उद्धार गरिएका साहको अवस्था भने सामान्य रहेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)